# कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१०    संख्याः १   मितिः२०८२/०३/२५


## भाग-१

## कालिका गाउँपालिकाको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम, २०८३

**दीर्घकालीन सोँच**

➢ "समृद्ध कालिकाको आधारः शिक्षा, स्वास्थ्य र पूर्वाधार"

**प्रमुख नीति तथा कार्यक्रमहरू**

**आर्थिक विकास तर्फ**

➢ **कृषि तथा पशुपन्छी सम्बन्धी नीति**

१. स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ, प्रतिस्पर्धी क्षमता तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सिप एवम् क्षमता विकास गर्दै उपयुक्त कृषि प्रविधिको समेत उपयोग मार्फत कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रिकीकरण गर्दै लगिनेछ, यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका साधन स्रोतहरुको संयुक्त लगानी र साझेदारीमा जोड दिइनेछ।

२. कालिका गाउँपालिकाको आर्थिक समृद्धिको प्रमुख आधार कृषि तथा पशुपालन क्षेत्रलाई मान्यता दिँदै स्थानीय भू-बनोट, हावापानी, उत्पादन क्षमता तथा बजारको सम्भावनाका आधारमा पकेट क्षेत्रहरुको विकास, विस्तार तथा सुदृढीकरण गरिनेछ ।वडा नं. १ लाई आलु तथा तरकारी उत्पादनको नमूना पकेट क्षेत्रको रुपमा विकास गर्दै उत्पादन वृद्धि, मूल्य शृङ्खला विकास तथा बजारीकरणमा विशेष जोड दिइनेछ ।त्यसैगरी, वडा नं. २, ३ र ४ लगायतका वडाहरुमा स्थानीय सम्भावना अनुसार कृषि तथा पशुपालनमा आधारित विशिष्टीकृत पकेट क्षेत्रहरुको पहिचान, संरक्षण तथा प्रवर्द्धन गरिनेछ । उन्नत बीउबिजन, सिँचाई सुविधा, कृषि यान्त्रीकरण, प्राविधिक सेवा, पशु स्वास्थ्य सेवा, घाँसेबाली विकास, पशु नस्ल सुधार तथा कृषक क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन् ।

३. कृषि तथा पशुपालन उत्पादनलाई व्यावसायिक, प्रतिस्पर्धी र दिगो बनाउँदै युवालाई कृषि उद्यमशीलतामा आकर्षित गर्ने, कृषि उत्पादनको भण्डारण, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने तथा "उत्पादनदेखि बजारसम्म" को अवधारणालाई कार्यान्वयन गरिनेछ । स्थानीय उत्पादनको ब्रान्डिङ तथा प्रवर्द्धनमार्फत कालिका गाउँपालिकालाई कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रुपमा विकास गरिने निति अवलम्बन गरिनेछ ।साथै ५०% अनुदानमा बाली विमा गरिने नीति लिइएको छ ।

४. कृषि कर्म तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन/प्रोत्साहन गर्न वडा कार्यालय/गाउँपालिकामा दर्ता गरिने कृषि तथा पशुपालन फर्म दर्ता तथा नविकरण निशुल्क गरिने कार्यलाई निरन्तरता दिइनेछ।

५. कृषि समुह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन वृद्धिमा जोड दिइनेछ ।

६. कृषिजन्य बस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धिका लागि ५० प्रतिशत अनुदानमा धान मकै लगायत को बिउ बिजन उपलब्ध गराइनेछ।साथै ५० प्रतिशत अनुदानमा मौसमी तथा बेमौसमी तरकारीको बिउ वितरण गरी गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाइनेछ।

७. कृषि तथा पशुपालनलाई विविधीकरण तथा व्यावसायीकरण गर्न कृषकहरुलाई सहज, सरल, सुलभ र प्रभावकारी प्राविधिक सहायता उपलब्ध गराइनेछ ।

८. दुध तथा दुग्ध पदार्थहरुको उत्पादनलाई वृद्धि गर्न विगत वर्षमा सञ्चालन गरिएको पशु तथा पंक्षीपालन तर्फको अनुदानको नतिजा एवम् प्रभावको मूल्याङ्कन गरी आगामी दिनमा दुग्ध उत्पादनमा जोड दिँदै उत्पादित दुधको बजारीकरणमा सहयोग पुऱ्याई दुधमा आत्मनिर्भर बनाइ दुध उत्पादनमा आधारित अनुदानको कार्यक्रमलाई निरन्तरता दिँदै दुधको संकलन तथा बजारीकरणमा सहयोग पुऱ्याउने नीति लिइनेछ ।

९. गाउँपालिकालाई क्रमशः विषादीरहित कृषि उत्पादन तर्फ उन्मुख गराउन किसानहरुमा सचेतना अभिवृद्धि गर्दै प्राविधिक ज्ञान उपलब्ध गराईनेछ । यसका लागि कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी किसानको खेतबारीमा परिचालन गरिनेछ।

१०. पशु स्वास्थ्य सेवामा विस्तार, नस्ल सुधार (कृत्रिम गर्भाधान तथा प्राकृतिक गर्भाधान), पशु आहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि प्राविधिक जनशक्तिको परिचालन मार्फत कालिका गाउँपालिकालाई पशुपालन पकेट क्षेत्रको रूपमा विकास गर्न सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

११. रेविज लगायतका रोग नियन्त्रणका लागि खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. सबै वडामा किसानहरुको सहज पहुँच स्थापित गरी सेवा प्रवाहलाई छिटो छरितो बनाई प्रभावकारी बनाउन कृषि र पशुसेवा एकाईहरुको क्षमता विकास गरिनेछ ।आवश्यकता अनुसार पशुस्वास्थ्य स्वयंसेवक परिचालन गरिनेछ ।

१३. यस कालिका गाउँपालिका अन्तर्गत रहेका कृषकहरुको पशुपन्छीहरुलाई उपचार तथा संरक्षणका लागि पशुपन्छी औषधी, उपकरण तथा खोप सेवा कार्यक्रम सञ्चालन गरिनेछ।पशु विमामा गाउँपालिकाको तर्फबाट दिइदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

१४. कृषि क्षेत्रमा सञ्चालित एक गाउँ एक प्राविधिक कार्यक्रमलाई सङ्घीय सरकारसँग साझेदारीमा निरन्तरता दिइनेछ।

१५. पशु आहारा सेवा कार्यक्रममा पशुपन्छीलाई आवश्यक पर्ने विभिन्न प्रकारका हिउँदे, बर्से, डाले, कोसे, अकोसे जस्ता घाँसको खेती, घाँस तथा घाँसको विउ श्रोत केन्द्र स्थापना, हे/साइलेज तथा मिनरल ब्लक बनाउने र खुवाउने प्रविधिको विकास जस्ता कार्यक्रम यस गाउँपालिका अन्तर्गतका सहकारी संस्थाहरुसँगको साझेदारीमा सञ्चालन गरिनेछ ।

१६. तालिम सेवा कार्यक्रममा पशुपालक कृषकहरुका लागि मागमा आधारित विभिन्न प्रकारका स्थलगत तालिम कार्यक्रम, सम्बन्धित कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि तालिम र पशुपालनसँग सम्बन्धित विभिन्न प्रकारका जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तारका लागि यथार्थपरक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न कृषकहरुको वास्तविक अवस्था तथा सम्भाव्यता पहिचानका लागि तथ्याङ्क सङ्कलन कार्यलाई सम्पन्न गरिनेछ।

➢ **उद्योग तथा वाणिज्य सम्बन्धी नीति**

१. उद्यमीहरुको क्षमता तथा सिप विकासका लागि आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी र एडभान्स सिप विकास तालिम कार्यक्रम संचालन गरिनेछ र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।

२. स्थानीय श्रम, पुँजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको स्थापनामा जोड दिइनेछ।यसमा सङ्घीय र प्रादेशिक सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक हकको सुनिश्चितताको लागि पालिकाभित्रका सबै किसिमका व्यापार व्यवसायको नियमित अनुगमन गर्नुका साथै बजार केन्द्रमा रहेका पसलहरुमा उपभोग्य वस्तुको मूल्यसूची राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।

४. तालिम प्राप्त उद्यमीहरुको अभिलेख व्यवस्थापन गरी व्यावसायीक विकासमा सहयोग पुऱ्याउन ऋणपुँजी परिचालनका लागि व्याज अनुदानको लागि कोष स्थापना गरी कार्यविधी बनाएर कार्यान्वयनमा ल्याईनेछ ।

५. औद्योगिक ग्राम स्थापनाका लागि उपयुक्त स्थान पहिचान गरी ग्राम स्थापना गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

६. बन पैदावरमा आधारित काष्ठ तथा जडीवुटीजन्य उद्योगको सम्भाव्यता अध्ययन गरी राष्ट्रिय निकुञ्जसँगको समन्वयमा जडिवुटी उत्पादन तथा प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

➢ **रोजगार सम्बन्धी नीति**

१. रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार नागरिकलाई श्रममूलक सार्वजनिक पूर्वाधार विकासका कार्यमार्फत न्यूनतम रोजगारी उपलब्ध गराइनेछ।रोजगार सेवा केन्द्रमार्फत सूचीकृत बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक विकास निर्माणका कार्यमा संलग्न गराई आन्तरिक रोजगार प्रवर्द्धन गरिनेछ । साथै, सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा निजी क्षेत्रसँग सहकार्यमार्फत स्वरोजगारका अवसर विस्तार गरिनेछ ।श्रमको सम्मान, उत्पादन वृद्धि तथा स्थानीय स्तरमा दिगो रोजगारी सिर्जना गर्ने उद्देश्यले सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

२. सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीलाई विप्रेषणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरु सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा वैदेशिक रोजगारीमा जानेहरु र तिनका परिवार लक्षित गरी वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता कक्षा सञ्चालन र रिटर्नी स्वयंसेवक परिचालन तथा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ । यी कार्यहरु सञ्चालन गर्नको लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

➢ **पर्यटन विकास तथा संस्कृती सम्बन्धी नीति**

१. ऐतिहासिक रुपमा प्रसिद्ध र धार्मिक रुपमा पवित्र स्थल कालिका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक धार्मिक तथा पर्यटन पूर्वाधारका कार्य गर्न नेपाल सरकार तथा प्रादेशिक सरकारका पर्यटनसँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

२. कालिका-२, स्याउबारीमा पिकनिक स्पट र पार्क तथा बुद्ध मन्दिर निर्माणका कार्यलाई निरन्तरता दिइनेछ।
३. धार्मिक पर्यटनलाई पर्यटन उद्योगको एक महत्वपूर्ण अङ्गको रुपमा विकास गर्न कालिका-५, जिवजिवेमा निलकण्ठ महादेव शिव मूर्ति निर्माण सम्पन्न भएको हुँदा उक्त क्षेत्रमा आगामी आ.व.मा महादेव/देवीको मन्दिर निर्माण सम्पन्न गर्न जोड दिइनेछ । साथै निलकण्ठ क्षेत्रको वृहत्तर पर्यटन विकासका लागि पहल गरिनेछ ।
४. कालिका स्याउबारीदेखि गोसाईकुण्ड पदमार्ग निर्माण कार्य अघि बढाइनेछ र उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्थाका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।
५. पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट होमस्टे खोल्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नुका साथै पर्यटकीय क्षेत्रको प्राकृतिक सौन्दर्यता एवम् वातावरणीय स्वच्छता खलल पर्न नदिने तर्फ समेत विशेष ध्यान दिने नीति अवलम्बन गरिनेछ।
६. परम्परागत मूल्य र मान्यता तथा संस्कृतिको जगेर्ना गर्न पर्याप्त ध्यान दिईनेछ। विदेशी संस्कृति आत्मसात गर्दा आफ्नो परम्परा र संस्कृतिको अतिक्रमण हुनसक्ने तर्फ विशेष निगरानी गरिनेछ।
७. कृषी तथा पर्यापर्यटनका लागि फार्म हाउस तथा होमस्टेलाई प्रोत्साहन गरिनेछ ।
८. साहसिक पर्यटनको रुपमा रक क्लाईमिङका लागि कालिका गाउँपालिका वडा नं. १ को विभिन्न स्थानहरुको सम्भाव्यता अध्ययनका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।
९. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा सांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु प्रयोग गरी निर्माण गरिनेछ।
१०. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।
११. गाउँपालिका भित्र आयोजना हुने मेला तथा महोत्सव लगायत विभिन्न कार्यक्रमहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

➢ **सहकारी सम्बन्धी नीति**

१. सहकारी क्षेत्रलाई छरिएर रहेका स्थानीय पुँजीको व्यवस्थापन गर्दै उद्यम व्यवसायको प्रवर्धनमा परिचालन गरिनेछ।
२. सहकारी संस्थाहरुलाई विद्यमान अवस्थामा रोजगारी सिर्जना तथा गरिबी निवारण तर्फ निर्देशित गरी सहकारीका क्रियाकलापहरुलाई कृषि, लघु उद्यम, साना उद्योग, स्वरोजगारमूलक उद्यम एवम् उत्पादनशील क्षेत्रसँग जोड्दै लगिनेछ ।
३. सहकारी संस्थाहरुलाई वचत र ऋणको सघनताबाट आय आर्जन र रोजगारी सिर्जना तर्फ केन्द्रीत गर्न प्रोत्साहित गरिनेछ।
४. सहकारी संस्थाबाट आयआर्जनमूलक तथा स्वरोजगारमूलक कार्यमा पुँजी परिचालन गर्दा विपन्न वर्ग, महिला, सीमान्तकृत, दलित र अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरुलाई विशेष प्राथमिकता दिन आवश्यक व्यवस्था मिलाईनेछ।
५. गाउँपालिका भित्र रहेका सबै सहकारीको एकिकृत तथ्याङ्क व्यवस्थापन गरी सक्रिय/निस्क्रिय/समस्या ग्रस्त सहकारीहरुको पहिचान सहित आवश्यक नियमन गरिनेछ ।
६. कृषि उत्पादनलाई बजारीकरण गर्न शितभण्डारणका लागि सहकारीमार्फत कृषकलाई पूर्ण अनुदान उपलब्ध गराइनेछ ।

## सामाजिक विकास तर्फ

➢ **शिक्षा सम्बन्धी नीति**

१. गुणस्तरीय शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकारको प्रत्याभूतिका लागि स्थानीय तहको रुपमा संविधान प्रदत्त माध्यमिक शिक्षासम्मको अधिकार क्षेत्र अनुरुप गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउन सङ्घीय तथा प्रादेशिक सरकारका नीति तथा कार्यक्रमसँग एकाकार गर्दै दक्षतापूर्ण कार्यान्वयन गरिनेछ।
२. यस गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको शैक्षिक एवं भौतिक सबलीकरण गर्नको लागि विद्यालयको स्थलगत भ्रमण गरी आवश्यकताको आधारमा विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न न्यायोचित ढङ्गले यथाशिघ्र बजेट व्यवस्थापन गरिनेछ।
३. उत्कृष्ट, जेहेन्दार तथा दलित समुदायका छात्रछात्राहरुलाई विज्ञान सङ्काय अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्नुका साथै गाउँपालिका भरीका छोरीबुहारी विद्यार्थीहरुका लागि उच्च शिक्षामा प्रदान गर्रिदै आएको छात्रवृत्तीलाई निरन्तरता दिइनेछ ।
४. विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट नतिजा सहित सबैभन्दा उच्च दरमा विद्यार्थी उत्तीर्ण गराउने विद्यालय र विषयगत शिक्षकहरूलाई प्रोत्साहित गरिनेछ ।सबैभन्दा कम विदा लिने शिक्षक/शिक्षिकालाई सम्मान गरिनेछ ।
५. कालिका गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुमा गुणस्तरीय, पहुँचयोग्य र प्रविधिमैत्री शिक्षण- सिकाइ वातावरण सुनिश्चित गर्न डिजिटल स्मार्ट बोर्डको व्यवस्था, सञ्चालन तथा प्रभावकारी उपयोग गरिनेछ । साथै विद्यालयको सुरक्षित, व्यवस्थित र आकर्षक शैक्षिक वातावरण सुनिश्चित गर्न घेराबार, हरियाली प्रवर्द्धन तथा विद्यालय परिसरको बाह्य व्यवस्थापन समेतको कार्यलाई चरणबद्ध रुपमा कार्यान्वियन गरिनेछ । कक्षा ८ देखि १२ सम्म स्मार्ट बोर्ड र डिजिटल प्रविधिबाट पठन पाठन गरिने व्यवस्था मिलाइनेछ।
६. सङ्घीय सरकारबाट विद्यालयको शैक्षिक पूर्वाधार निर्माण तथा विकासका लागि प्राप्त हुने सबै प्रकारका अनुदान तथा सशर्त रकमबाट हुने क्रियाकलापलाई गाउँपालिकाबाट नियमित अनुगमन गरी उत्कृष्ट कार्य गर्ने विद्यालयलाई प्रोत्साहित गर्ने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नगर्ने विद्यालयलाई पुनः कार्यक्रम स्वीकृति एवम् विनियोजनका क्रममा प्राथमिकतामा नराख्ने नीति लिईनेछ।
७. विद्यालयको कार्यसम्पादनको आधारमा विद्यालयलाई थप प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।

८. आधारभूत तहका साना कक्षाका विद्यार्थीहरुलाई प्रदान गरिँदै आएको दिवा खाजा कार्यक्रममा गाउँपालिकाको तर्फबाट थपिदै आएको अनुदानलाई निरन्तरता दिँदै त्यसको प्रभावकारी व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाईनेछ।

९. विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाई थप प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१०. सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरूलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउनुका साथै नतिजामूलक र सक्षम व्यवस्थापन गरिनेछ ।

११. आधुनिक शिक्षण पद्धतिलाई अभिवृद्धि गर्दै सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा विद्यालयस्तरमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

१२. विद्यालयमा आधुनिक उपकरणयुक्त विज्ञान प्रयोगशाला निर्माण तथा सञ्चालन गर्न शुरु गरिएको कार्यक्रमलाई क्रमशः सबै विद्यालयमा विस्तार गर्न सङ्घीय र प्रादेशिक सरकारसँग सहकार्य गरिनेछ।

१३.विद्यालय तहको तथ्याङ्कको अद्यावधिकरण र सूचना तथा अभिलेखलाई डाटावेश तयार गरी व्यवस्थित रुपमा प्रतिवेदनका साथै शिक्षण सिकाइका लागि शिक्षकहरुमा सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी आधारभूत ज्ञान र सिप प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४. गाउँपालिका क्षेत्रबाट नै उच्च शिक्षा प्रदान गर्न कालिका हिमालय क्याम्पसको व्यवस्थापनमा सहयोग गरिनेछ।

१५. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि विकास र विस्तार गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१६. सामुदायिक विद्यालयहरुको सुदृढीकरण तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई समायोजन तथा एकीकरण गर्ने वा कक्षा घटाएर सञ्चालन गरिनुका अलावा विद्यार्थी संख्या र शैक्षिक गुणस्तरलाई ध्यान दिई तत्कालिन समस्या समाधानको लागि अनुदान तथा स्वयंसेवक शिक्षकको व्यवस्था गर्नुका साथै दिर्घकालीन समस्या समाधानका लागि विद्यालय समायोजन तथा एकिकरण गरी शिक्षक दरवन्दी मिलान गरिनेछ।

१७. विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइनेछ।

१८. विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा नकारात्मक असर पुऱ्याउने हानिकारक खाना (जङ्क फुड) लाई विद्यालय हाताभित्र निषेध गरी स्थानीय स्तरमै उत्पादन भएका परिकारहरुको प्रयोग गरी विद्यालय दिवाखाजालाई व्यवस्थित गरिनेछ।

१९. पालिका भरका सबै सामुदायिक विद्यालयहरुमा ई-हाजिरीको व्यवस्थापन गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।

२०.अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ।

२१. गाउँपालिकाको समग्र शिक्षा नीति निर्माण गर्नुका साथै पालिकामा विद्यमान रहेका ऐन, नियम, कार्यविधि र योजनाहरुलाई समसामयिक संशोधन तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याईनेछ ।

२२.शिक्षा सबैको लागि भन्ने उद्देश्यलाई आत्मसाथ गर्दै, आर्थिक अवस्था, लिङ्ग वा भौगोलिक पहुँचका कारण कोही पनी उच्च शिक्षा र प्राविधिक शिक्षाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले छात्रवृत्ति कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२३.सामाजिक, शैक्षिक र आर्थिक अवसरहरु सुदृढ गर्न चीनसँग सिमाना जोडिएको स्थानीयता र सामरिक महत्वलाई मध्यनजर गर्दै कालिका गाउँपालिका अन्तर्गत रहेका विद्यालयमा चाइनिज भाषा सिकाइ कार्यक्रम सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

२४. गुणस्तरीय शिक्षासँगै शारीरिक, मानसिक र समावेशी विकासलाई प्राथमिकता दिँदै विद्यालयमा खेलकुद पूर्वाधार विकास र छात्रावास सुविधा विस्तारका लागि आवश्यक पूर्वाधार निर्माण तथा बहुपक्षीय समन्वयमार्फत कार्यक्रम सञ्चालन गरिनेछ ।

२५. विद्यालयको खेल मैदान अभावलाई सम्बोधन गर्न नजिकको उपयुक्त निजी/सार्वजनिक जग्गा पहिचान गरी खरिद प्रक्रिया अघि बढाइनेछ । यो प्रक्रियामा जग्गा दातासँग समन्वय, पालिका बजेट, प्रदेश सरकार र सङ्घीय योजनाबाट सम्भावित सहयोगका लागि प्रस्ताव पेस गरिनेछ ।

२६.विद्यालयस्तरीय पाठ्यक्रम संरचना अनुसार आधारभूत तहका लागि स्वीकृत स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गरिनेछ।

२७.विद्यालय अनुगमन र सुपरीवेक्षण कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन संयुक्त एकीकृत अनुगमन संयन्त्र परिचालन गर्नुका साथै डिजिटल अनुगमनको व्यवस्था गरिनेछ ।

२८.सुत्केरी बिदा लिइ बसेका शिक्षिकाहरुको ठाउँमा वैकल्पिक शिक्षक-शिक्षिकाको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

२९. विषयगत दरबन्दी अपुग भएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्न पालिका अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. शिक्षक-शिक्षिकाहरुलाई समयसापेक्ष रुपमा अद्यावधिक गर्न विभिन्न तालिमहरु सञ्चालन गरिनेछ ।

३१. हाम्रो पालिकाको गौरवको रुपमा रहेको श्री नीलकण्ठ नमुना माध्यमिक विद्यालयमा खेलकुद मैदानको अभाव छ ।यो वर्ष हामी जग्गा व्यवस्थापन गरी स्तरीय खेलमैदान निर्माण गर्ने योजना अगाडी सारेका छौं ।त्यस्तै चाइना एडले निर्माण गरिदिएको भवनलाई छात्रावासको रुपमा रुपान्तरण गरी टाढाबाट आउने विद्यार्थीहरुलाई निशुल्क आवास सेवा दिने योजना बनाएका छौं ।यस कार्यको लागि हामी तीन तहका सरकार, अन्तर्राष्ट्रिय साझेदार र देश तथा विदेशमा रहेका पूर्व विद्यार्थी तथा शिक्षाप्रेमीहरुसँग समन्वय गरी उक्त विद्यालयलाई नमुना संस्थाको रुपमा स्थापित गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

➢ **युवा तथा खेलकुद सम्बन्धी नीति**

१. युवाहरुको सर्वाङ्गिण विकासका लागि मागमा आधारित युवा सिप विकास तालिम कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

२. राष्ट्रपति/कालिका रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

३. युवाहरुलाई रोजगारीमा जोड्न रोजगार तथा वेरोजगार युवाहरुको योग्यता क्षमता सहितको अभिलेख व्यवस्थापन गरी रोजगार बैंकको रुपमा स्थापना गरिनेछ ।

४. लघु उद्यम विकास कार्यक्रम तर्फ उद्यमी छनोट तथा व्यवसाय प्रवर्द्धन अनुदान सहयोग गर्दा युवायुवतीहरुलाई प्राथमिकतामा राखिनेछ ।

५. प्रधानमन्त्री रोजगार कार्यक्रममा वेरोजगारहरु सूचिकृत गर्दा युवा उमेरकालाई प्राथमिकतामा राख्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अनुरोध गरिनेछ।

६. उपभोक्ता समितिहरु गठन गर्दा समितिको पदाधिकारी तथा सदस्यहरु चयन गर्दा युवाहरुलाई प्राथमिकता दिइने नीति लिइनेछ ।

७. युवाहरुको सिप दक्षता तथा प्रतिभाको पहिचान तथा कदर गर्न सङ्घीय सरकार र प्रदेश सरकार सँगको सहकार्यमा युवा प्रतिभा प्रदर्शनी मेला आयोजना गरिनेछ ।

८. तालिम प्राप्त/सिपयुक्त र बैदेशिक रोजगारबाट फर्किएका र स्वदेशमै केही उद्यम गरी स्वरोजगारमा जोडिन ईच्छुक युवाहरुलाई स्थानीय कच्चा पदार्थ तथा कृषिमा आधारित उद्यम व्यवसाय संचालनका लागि व्यावसायीक अनुदान सहयोग तथा प्रविधिमा अनुदान सहयोग गर्नुका साथै विभिन्न बैंक तथा वित्तिय संस्थाहरु सँगको सहकार्यमा व्याजमा अनुदान दिने नीति लिईनेछ ।

९. खेलप्रेमी युवाहरुको खेलकुद प्रतिको भावनालाई कदर गर्दै एक वडा एक खेलमैदान निर्माण गरी संचालनमा ल्याउने तथा विभिन्न खेलकुद कार्यक्रमहरु आयोजना गर्ने तथा गर्नका लागि अनुदान सहयोग गर्ने नीति लिईनेछ ।

१०. कालिका गाउँपालिका वडा नं. ३ मा वागमती प्रदेश सरकारसँगको साझेदारीमा निर्माण भइरहेको शहिद स्मृति खेलमैदान निर्माण कार्य आगामी आ.व.मा सम्पन्न गर्न सङ्घीय सरकार र प्रदेश सरकार सँग साझेदारी गरिनेछ ।

११. युवामैत्री पालिका घोषणाका लागि आवश्यक आधारभूत मापदण्ड पुरा हुनेगरी कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने नीति लिईनेछ ।

१२. स्वयंसेवी युवाहरुलाई संगठित गरी गाउँपालिकाको विकास निर्माण लगायत विभिन्न क्षेत्रमा सहयोग पुऱ्याउन प्रत्येक वडामा एक युवा स्वयंसेवक समुह र पालिका स्तरमा युवा स्वयंसेवक समन्वय समिति गठन तथा परिचालनका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ ।

१३. कृषि तथा पशु तर्फको व्यावसायीक अनुदानका लागि उद्यमी छनोट गर्दा युवाद्वारा संचालित उद्यम तथा व्यवसायलाई प्राथमिकतामा राखिनुका साथै प्रदेश सरकार र सङ्घीय सरकारका निकायलाई अनुरोध गरिनेछ ।

१४. युवाहरुको सिप विकासका लागि पालिकास्तरमा मागमा आधारित तालिम संचालन गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा ईलम प्रशिक्षण केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

१५. दिनानुदिन युवा वर्गमा देखिएको दुर्व्यसनीलाई निरुत्साहीत गर्न प्रहरी प्रशासन र अन्य संघ संस्थाको सहयोग लिई युवा लक्षित कार्यक्रम संचालन गरिनेछ ।

१६. युवाहरूमा रहेको अन्तरनिहित प्रतिभा उजागर गर्न युवा प्रतिभा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

- **स्वास्थ्य सम्बन्धी नीति**

१. नेपाल सरकारको नीति अनुरुप गाउँपालिकाको अनुदानमा सबै पालीकावासीको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिँदै अझ प्रभावकारी बनाउँन आवश्यक प्रबन्ध मिलाईनेछ ।

२. गर्भवती महिलाको पोषणमा सहयोग पुऱ्याउन सुनौलो हजार दिनका महिलाहरुलाई अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३. महामारीको रुपमा फैलिएको विभिन्न सर्ने तथा नसर्ने रोगको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकार एवम् प्रादेशिक सरकारसँग सहकार्य गरिनेछ ।

४. गाउँपालिका अन्तर्गत सञ्चालित जिबजिबे ग्रामीण अस्पताल तथा सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ। निःशुल्क वितरण गरिने औषधीको उचित प्रबन्ध गर्नुका साथै सशुल्क अत्यावश्यकीय औषधीहरूलाई हरेक स्वास्थ्य संस्थाबाट सर्वसुलभ रुपमा बिक्री वितरण हुने व्यवस्था क्रमशः मिलाइनेछ ।

५. "स्वस्थ नागरिक, समृद्ध कालिका" भन्ने मूल नारालाई आत्मसात गर्दै जिबजिबे आधारभूत अस्पतालको सेवा गुणस्तर अभिवृद्धि, पहुँच विस्तार तथा संस्थागत सुदृढीकरणलाई प्राथमिकतामा राखी आवश्यक बजेट तथा कार्यक्रम व्यवस्थापन गरिनेछ । अस्पतालमा विशेषज्ञ तथा आधारभूत स्वास्थ्य सेवाको विस्तार, आवश्यक भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती, आधुनिक उपकरण व्यवस्थापन, दक्ष जनशक्ति परिचालन तथा सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरिनेछ । साथै जिबजिबे अस्पतालमा BMLT सेवा र MDGP सेवा सञ्चालन गरिनेछ । फिजियोथेरापी सेवा, आँखा OPD सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन, अस्पताल सञ्चालन अनुदान, स्वास्थ्यकर्मी क्षमता विकास तथा अस्पताल परिसर व्यवस्थापनका कार्यक्रमहरुलाई आवश्यक बजेट विनियोजन गरी प्राथमिकताका साथ अगाडि बढाइनेछ।यसका अतिरिक्त ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई सहज, सुलभ, गुणस्तरीय तथा समतामूलक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले जिबजिबे आधारभूत अस्पताललाई क्रमशः सुविधासम्पन्न, प्रविधिमैत्री र नमूना स्वास्थ्य संस्थाको रुपमा विकास गरिने नीति अवलम्बन गरिनेछ ।

६. पूर्ण खोप सुनिश्चितता तथा दिगोपना, पोषणमैत्री स्वास्थ्य संस्था प्रवर्द्धन, स्वास्थ्य संस्थाहरुको सुदृढीकरण, पोषणमैत्री तथा बालमैत्री स्वास्थ्य सेवा विस्तार, समुदायमा आधारित स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन, सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम, शून्य गृह प्रसूति (Zero Home Delivery) अभियान, वडा तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि कार्यक्रम, नसर्ने तथा सरुवा रोग नियन्त्रण, मानसिक स्वास्थ्य प्रवर्द्धन, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।साथै कालिका गाउँपालिकाका सबै वडाहरुलाई पूर्ण खोपयुक्त, पोषणमैत्री तथा शून्य गृह प्रसूति घोषणा गर्दै स्वस्थ र समृद्ध समुदाय निर्माणमा विशेष जोड दिइनेछ ।

७. गाउँपालिका क्षेत्रभित्रका विपन्न तथा अति गरिबलाई स्वास्थ्य संस्थाबाट जटिल समस्या हुँदा निशुल्क आकस्मिक रेफरल ऐम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ।

८. गाउँपालिकाबाट अन्तर्गतका स्वास्थ्य संस्थाको क्षमता बाहिरका मुटुरोग, रेडियोलोजी, हाडजोर्नी, मृगौला, स्त्रीरोग तथा मानसिक रोग सम्बन्धी विरामीहरुलाई विशेषज्ञ चिकित्सकबाट निश्चित समायवधिमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाइनेछ ।

९. अपाङ्गता भएका व्यक्ति, अति गरीब, असहाय, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका र एकल महिलाहरूलाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने निशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ। गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा उपलब्ध गराउँदा सुत्केरी तथा गर्भवतीलाई विशेष सुविधा दिइनेछ।

१०. नेपाल सरकारबाट हाल प्राथमिकतामा परेका खोप सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा, नवशिशु तथा एकीकृत बाल रोग व्यवस्थापन सेवा, पोषण सेवा लगायतका सेवाहरुलाई प्राथमिकीकरण अनुसार प्रभावकारी रुपमा कार्यान्वियन गरिनेछ ।

११. पालिकाबासी नागरिकहरुमा आयुर्वेद तथा आयुर्वेदिक औषधीहरुको महत्व बारेमा सचेतना बढाउने तथा पालिका अन्तर्गत सञ्चालनमा रहेका आयुर्वेद संस्थाहरुको सेवा प्रवाह क्षमता अभिवृद्धि गरिनेछ ।भोर्ले आयुर्वेद भवनको निर्माण कार्य सम्पन्न गरिनेछ।

१२. महिला स्वयंसेविकाहरुद्वारा प्रदान गरिँदै आएको सेवाको अनिवार्यता र प्रभावकारिता मनन गर्दै उनीहरुलाई आफ्नो कार्यमा अझ उत्प्रेरित हुने वातावरण निर्माण गरिनेछ ।

१३. समयमा स्वास्थ्य सेवा पाउने नागरिक अधिकार सुनिश्चित गर्न एम्बुलेन्सलाई निरन्तर सञ्चालन गर्दै सेवालाई अझ सहज, सरल र प्रभावकारी बनाइनेछ।

१४. गाउँपालिकावासीको जीवनस्तर सुधार गर्न सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ । "सबैको स्वास्थ्य-गाउँपालिकाको प्राथमिकता" भन्ने लक्ष्यलाई सार्थक बनाउन सामूहिक स्वास्थ्य बीमालाई प्राथमिकतामा राखिनेछ ।

१५. गाँजा खेतिलाई गैरकानूनी रुपमा नभई, अनुसन्धान, स्वास्थ्य सेवा तथा औषधी उत्पादनमा प्रयोग गर्न सकिने सम्भाव्यता पहिचान गरिनेछ ।यसलाई विधिवत अध्ययन, निति निर्माण तथा सरोकारवाला निकायसँग समन्वय गरी अघि बढाइनेछ ।

१६. सबै वडाका नागरिकलाई गुणस्तरीय, पहुँचयोग्य र दिगो स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले जिबजिबेमा निर्माणधीन १५ शैयाको ग्रामिण अस्पताललाई यथाशीघ्र सञ्चालनमा ल्याई १५ शैयाको संरचना अनुसार सेवा प्रवाह गरिनेछ ।

➢ **खेलकुद तथा मनोरञ्जन सम्बन्धी नीति**

**१.** बालबालिका तथा युवाको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा मनोरन्जनको महत्वलाई मनन गरी खेलमैदान निर्माणका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२. यस गाउँपालिका अन्तर्गतको कालिका हिमालय मा.वि.मा खेलकुद मैदान निर्माण गरिनेछ । गाउँपालिका अन्तर्गतको सहिद स्मृति खेलकुद मैदानको निर्माण कार्य सम्पन्न गरिनेछ ।

३. राष्ट्रपति/कालिका रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताका माध्यमद्वारा प्रतिभाको पहिचान एवम् विकास र विद्यार्थीहरुको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४. बालवालिका तथा युवाहरुको खेलकुद विकासमा सहयोग पुऱ्याउनका लागि खेलकुद विकास समितिको स्थापना गरी परिचालन गरिनेछ।

५. गाउँपालिकाका युवा प्रतिभाहरुलाई विभिन्न किसिमका खेल गतिविधिमा सहभागिताका अवसर प्रदान गर्दै उनिहरुको क्षमता विकासमा सहयोग गरिनेछ ।

➢ **लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरण र सामाजिक न्याय (महिला, दलित, अदिवासी जनजाती, बालबालिका, अल्पसंख्यक, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र एकल महिला समेत) सम्बन्धी नीति**

१. अपाङ्ग, असहायहरुको मानव सेवा आश्रम संचालन गर्ने उद्देश्यका साथ कालिका गाउँपालिकाको वडा नं २ मा निर्माण सम्पन्न भएको भवनमा अपाङ्ग तथा असहाय मानव सेवा आश्रम संचालनका लागि प्रदेश सरकार र सङ्घीय सरकारका साथै अन्य स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

२. गाउँपालिका क्षेत्रभित्र रहेका जेष्ठ नागरिक, ६० वर्षभन्दा माथिका दलित जेष्ठ नागरिक र "क" वर्गका अपाङ्गता भएका व्यक्तिहरुको सम्मानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३. नेपालको संविधानले प्रत्याभूत गरेको लैङ्गिक विभेदको अन्त्य, महिलाको समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य जस्ता महिलाको आधारभूत अधिकारको सुनिश्चितताको लागि राज्यद्वारा लिइएका सबै किसिमका नीतिहरुको पालना गरिनेछ ।

४. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यको लागि सामाजिक सचेतनाका अलवा महिलाको क्षमता विकास एवम् सशक्तीकरण अत्यावश्यक भएको सन्दर्भमा उनीहरुको क्षमता एवम् व्यक्तित्व विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

५. महिलाहरुलाई विकासको मूलप्रवाहमा ल्याई उनीहरुको सशक्तीकरण तथा क्षमता विकास गर्न महिला उपभोक्ता तथा लाभदायीहरु मात्र सहभागितामा हुने विकास निर्माण कार्यमा विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । महिला मात्र उपभोक्ता समितिमा संलग्न भइ सञ्चालन हुने गाउँपालिकाको आयोजना तथा कार्यक्रमबाट कन्टिन्जेन्सी वापतको रकम कट्टा नगरिने नीतिलाई निरन्तरता दिईनेछ ।

६. मानव वेचविखनजस्ता अपराधजन्य क्रियाकलापलाई नियन्त्रण र निरूत्साहित गर्न सरोकारवाला निकायहरुसँग कार्यगत एकता एवम् समन्वय गरिनेछ।

७. भूमिमाथी महिला स्वामित्व बढाउन राज्यले लिएको नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक चेतनामूलक कार्य गर्नुका साथै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

८. बालबालिकाहरूको पोषण, हेरचाह, बालश्रम न्युनीकरण तथा असहाय बालबालिकाको संरक्षणमा गाउँपालिकाबाट जोड दिईनेछ । यसका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

९. जातीय तथा लैङ्गिक आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै छुवाछुतमुक्त र विभेदरहित समाजको निर्माण गर्न सचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०. न्यायिक समितिको काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउन ईजलास निर्माण, क्षमता अभिवृद्धि तथा अन्य आवश्यकीय प्रबन्ध गरिनेछ ।

११. गाउँपालिकाले संचालन गर्ने कार्यक्रमहरुमा आदिबासी जनजाति, दलित र अपाङ्गता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतीको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क संकलन गरी विभिन्न सहयोगी संस्था समेतको सहयोगमा उनीहरुको पुनर्स्थापनामा विशेष सहयोग लिने नीति लिइनेछ ।

१३. गाउँपालिका क्षेत्रमा अब बन्ने पूर्वाधार सम्बन्धी सरकारी संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री, लैङ्गिक मैत्री, वातावरण मैत्री बनाउने नीति लिइनेछ ।

१४. गरिबी निवारणका लागि यथार्थपरक नीति, योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न आगामी आ.व. भित्रमा गाउँपालिकाको प्रोफाईल तथा आवधिक योजनालाई अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ ।

## पूर्वाधार विकास सम्बन्धी नीति

### ➤ भौतिक निर्माण सम्बन्धी नीति

१. दिगो विकासको अवधारणा अनुसार निर्माण गर्नुपर्ने एवम् वातावरणीय प्रभाव मूल्याङ्कन गरी निर्माण तथा सञ्चालन गर्नुपर्ने आयोजनाको आवश्यकता अनुसार DPR/IEE/EIA तयार गरी स्वीकृत गर्ने नीति लिईनेछ ।

२. आयोजनाहरुलाई तोकिएको अवधिमा सम्पन्न हुने गरी प्रभावकारी र नतिजामूलक व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन र नियमावली एवम् गाउँपालिकाको आन्तरिक कार्यविधिमा उल्लेख भएवमोजिम समयमै खरिद गुरुयोजना/वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ।

३. आयोजना कुनै कारणबस ढिलो व्यवस्थापन हुने अवस्थामा बाहेक आर्थिक वर्षको चैत्र मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी आयोजना व्यवस्थापन तथा कार्यान्वयन गर्दै लगिने नीति लिईनेछ ।

४. बहुवर्षीय ठेक्कामा जानुपर्ने वा क्रमागतरुपमा केही वर्ष सञ्चालन गर्नुपर्ने आयोजनाहरुलाई स्रोत सुनिश्चित गर्ने गरी त्यस्ता आयोजनालाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने पद्धतिलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५. अधुरा तथा सम्पन्न हुन बाँकी भएका योजना तथा आयोजनाहरुलाई प्राथमिकतामा राखी आगामी आ.व.मा सम्पन्न गरिनेछ।

६. ठुला तथा बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्नुपर्ने आयोजनाहरुको निर्माण तथा सञ्चालनमा सङ्घीय सरकार, प्रदेश सरकार एवम् अन्य निकायहरुँग साझेदारी र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

७. प्राविधिक रुपमा जटिल तथा ठूला मेशीन उपकरण प्रयोग गर्ने आयोजनाहरु निर्माण व्यवसायी मार्फत संचालन गरिनेछ ।

८. उपभोक्ताको तर्फबाट लागत व्यहोर्न नसक्ने आयोजनाहरुलाई ठेक्का प्रक्रियाबाट व्यवस्थापन गरिनेछ ।

९. ठेक्का व्यवस्थापनबाट निर्माण गरिने पूर्वाधार आयोजनाहरुमा विनियोजित रकम बाँकी हुन आउने भएमा उक्त रकमलाई नियम संगत खर्च गर्ने नीति अख्तियार गरिनेछ ।

१०. उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन हुने आयोजनामा पेस्की उपलब्ध नगराउने नीतिलाई निरन्तरता दिईनेछ ।

११. ठेक्का प्रक्रियाबाट संचालन गरिने कार्यक्रम तथा योजनाको भुक्तानी दिँदा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकास्तरीय अनुगमन समितिको सिफारिस अनिवार्य गर्ने नीति लिईनेछ।

१२. गाउँसभाबाट स्वीकृत योजनाहरूलाई आ.व. को चैत्र मसान्त भित्र सम्पन्न गर्ने नीति लिईनेछ ।

१३. उ.स./टो.वि.सं. बाट संचालन हुने योजनाहरूमा कम्तिमा १०% श्रमदान गर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४. उ.स./टो.वि.सं. मार्फत संचालन हुने योजनाहरूको सम्झौता आवश्यकता अनुसार घुम्ती शिविर मार्फत सम्बन्धित वडा कार्यालय मै गएर गर्न आवश्यक व्यवस्थापन गर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

१५. प्रत्येक वडामा इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने नीति लाई निरन्तरता दिईएको छ ।

१६. एक लाख लागत भन्दा माथिका योजनाहरूको सार्वजनिक सूचनापाटी अनिवार्य र प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिईएको छ ।सूचना पाटी निर्माण गर्दा एक लाख देखि ५ लाख सम्म विनियोजन भएको पूर्वाधार आयोजनाको फ्लेक्स वोर्ड र सो भन्दा बढी विनियोजन भएको पूर्वाधार आयोजनाको टिन र फलामको सूचनापाटी राख्ने व्यवस्था मिलाईनेछ ।

१७. जटिल प्रकृतिका पूर्वाधार योजनाहरू जस्तै ह्यावि मेसिन प्रयोग हुने, धेरै सामाग्री खरिद गर्नुपर्ने (सौर्य वत्ती, झो.पु.) योजनाहरू ठेक्का प्रक्रियाबाट मात्र कार्यान्वयन गर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

१८. ठेक्का प्रक्रिया गर्दा पूर्ण रुपमा E-biding लाई कार्यान्वयनमा ल्याउने नीति लिईनेछ ।

१९. न्यून अंक कवुल गरी ठेक्का हत्याउने, पेस्की लिने र समयमै काम सुरु नगर्नुका साथै तोकिएको अवधि भित्र काम सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई सार्वजनिक खरिद ऐन नियमावली अनुसार पूर्व निर्धारित जरिवाना लगाएर काम सम्पन्न गराउने निति लिनुका साथै समयमै कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई निर्ममतापूर्वक कारवाही गर्ने निति लिइनेछ । यसका लागि गाउँपालिकामा रहेको खरिद इकाईलाई जिम्मेवार र जवाफदेही बनाईनेछ ।

- **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल सम्बन्धी नीति**

१. कालिका गाउँपालिकाको सबै वडा केन्द्र जोड्ने सडकलाई क्रमशः कालोपत्रे बनाउने र बाँकी सबै सडकलाई बाह्रै महिना चल्ने बनाइनुका साथै नयाँ सडकको ट्र्याक खोल्ने भन्दा पनि पुराना सडकलाई स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

२. सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण गरी सडक गुरुयोजना निर्माण गरिनेछ।

३ गाउँपालिकाले लगानी र फरफारक गर्नुपर्ने सबै सडक मार्गहरू सडकको केन्द्रबाट दुवैतर्फ कम्तिमा ४/४ मिटर चौडाइ हुनुपर्ने नीति लाई निरन्तरता दिईएकोछ ।

४ स्थानीय जनता तथा उपभोक्ताको समेत सहभागितामा स्थानीय पूर्वाधारहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

५ राजमार्ग लगायतका सडकमा व्यक्तिगत वा व्यापारिक सामान राख्ने, फोहोर पानी बगाउने गाउँपालिकाले तोकेको क्षेत्र बाहेकका स्थानमा गाडा वा अन्य कुनै साधनमा व्यापारिक सामान विक्री गर्न र चौपाया, तथा कुखुरा लगायतका वस्तु छाडा छोड्न निषेध गरिएको छ। यदि कोहि कसैले सो कार्य गरे गराएमा गाउँपालिकाले निर्धारण गरे वमोजिमको जरिवानालाई कडाइका साथ लागू गरिनेछ तथा पशु चौपाय तथा पंक्षिहरु छाडा छोडी सवारी साधनको ठक्करबाट मृत्यु भएमा सवारी धनी, मजदुर वा सवारी सम्वद्ध व्यक्तिले कुनै क्षतिपूर्ति दिनु नपर्ने र पशुपंक्षि छाडा छोड्नेलाई थप कारवाही हुने नीति अवलम्बन गरिनेछ।

६ सडक लगायतका पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई ख्याल गर्नुपर्नेछ र सो कार्य गर्दा रुख तथा वनस्पति मासिन गएमा सडक वा संरचना वरपर नोक्सान भएको वनस्पति सार्नुपर्ने नीति लिइनेछ ।सो को लागि प्रत्येक सडक आयोजनाको ५ प्रतिशत बजेट हरियाली प्रवर्द्धनमा विनियोजन गरी कार्यविधि बनाएर सो बजेट कार्यान्वयन गर्न पहल गर्ने नीति लिईनेछ ।

७ सडकमा वर्षातको समयमा पहिरोले दुख दिइरहने क्षेत्रमा बायो इञ्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ।

८ यस गाँउपालिका भित्र पर्ने पासाङ ल्हामु राजमार्ग लगायतका स्थानमा गएका ठुला पहिरो नियन्त्रण गर्न र पहिरोलाई जनताको सहभागितामा रोकथाम गर्न आवश्यकता अनुसार सरोकार समितिहरु गठन गरी सम्वन्धित निकायमा दवाव समेत सृजना गरिनेछ।

९ गाउँपालिका भित्र रहेका सबै झो.पु.हरुको स्थलगत अनुगमन गराई तिनीहरु वर्तमान अवस्था विश्लेषण गरी मर्मत सम्भार तथा पुनर्निर्माणका लागि आवश्यक पहल गर्नुका साथै नयाँ निर्माण गर्नुपर्ने झो.पु.हरुको पहिचान गरी सङ्घीय सरकार र प्रदेश सरकारसँगको साझेदारीमा क्रमशः निर्माण गर्दै जाने निति लिइएको छ ।

- **खानेपानी तथा सरसफाइ सम्बन्धी नीति**

१. नागरिकको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न खानेपानीका स्रोतहरुको संरक्षण तथा सम्बर्धन गरिनुका साथै खानेपानी वितरण व्यवस्थालाई प्रभावकारी बनाउन बागमती प्रदेश सरकार र खानेपानी उपभोक्ता समितिसँग सहकार्य गरिनेछ ।

२. ग्रामीण स्तरमा विद्यमान खानेपानीको समस्या समाधानका लागि खानेपानी मुहानको संरक्षण गरी दिगोरुपमा खानेपानी वितरण हुनेगरी आयोजना सञ्चालनमा ल्याइनेछ।

३. गाउँपालिकालाई स्वच्छ र सफा बनाउन विगतदेखि नै सुरु गरिएको फोहोरमैला व्यवस्थापन कार्यमा वडा समितिहरुलाई जिम्मेवार बनाई वडा-वडामा फोहोर व्यवस्थापन गर्न आवश्यक प्रबन्ध गर्न प्रारम्भ गर्नुका साथै हाल उपयोगमा रहेको फोहोर सङ्कलन तथा वर्गीकरण केन्द्रमा सबै वडाबाट नकुहिने फोहर ल्याई सो को वर्गिकरणलाई व्यवस्थित बनाइनेछ।

४. फोहोर व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न घरेलु तथा व्यवसायजन्य फोहोरको स्रोतमै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी दिगो व्यवस्थापनमा जोड दिइनेछ ।

५. प्रदुषकले तिर्नुपर्ने सिद्धान्तको अबलम्वन गर्दै तोकिए बमोजिम बाहेक फोहोर गर्ने एवम् पालिकाको वातावरणमा नकारात्मक असर पुर्‍याउने हानिकारक क्रियाकलाप गर्ने नागरिकलाई दण्डित गर्ने नीति अख्तियार गरिनेछ।

६. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालीन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानी वितरणको व्यवस्था मिलाइनेछ ।

७. नौकुण्ड लगायत विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी सङ्घ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

८. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

९. बजार सरसफाई समिति/टोल विकास संस्था/सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१०. शुन्य फोहर प्रणाली कायम गर्न फोहरमैला संकलन तथा प्रशोधन केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग गरिनेछ ।

११. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा दण्ड सजाय गर्ने नीति लिइनेछ।

१२. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गर्न फेब्रिक झोला उत्पादन तथा बजारीकरणका लागि पहल तथा सहकार्य गरिनेछ।

१३. गाउँपालिकाका मुख्य स्थानहरुमा स्थापना गरिएको शिशा तथा फलाम जन्य फोहर संकलन घरलाई व्यवस्थित गरी तिनीहरुको प्रयोगलाई प्रभावकारी बनाईनेछ ।

१४. खानेपानी प्रयोग र चुहावटलाई व्यवस्थित गर्न क्रमश स्मार्ट वाटर मिटर जडान गरी शुल्क उठाउने प्रणाली लागु गरिनेछ ।

➢ **सिँचाई तथा जल उत्पन्न प्रकोप नियन्त्रण सम्बन्धी नीति**

१. कालिका गाउँपालिका क्षेत्रभित्र सिञ्चित क्षेत्र बृद्धि गरिनुका साथै जलश्रोतको बहुउद्देशीय प्रयोगमा प्राथमिकता दिइनेछ ।

२. गाउँपालिका भित्र विगत आ.व.हरुमा गाउँपालिका तथा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु बाट निर्माण सम्पन्न भै संचालनमा रहेका सिंचाईहरुको अभिलेख व्यवस्थापन गरी दिगो विकासका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

३. कालिका गाउँपालिका भित्रको सबै वडाहरुको नदि नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रणको लागि आवश्यक कार्यक्रमहरु तयार गरी आवश्यक सहयोगका लागि प्रदेश सरकार र सङ्घीय सरकारसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

४. गाउँपालिका भित्र भूमिगत सिंचाईको सम्भाव्यता अध्ययन गरी भूमिगत सिंचाई प्रणाली जडानका लागि प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

➢ **भवन तथा सहरी विकास सम्बन्धी नीति**

१. भवन निर्माण सम्बन्धी सङ्घीय सरकारले तयार गरेको मापदण्ड तथा संहिताको पालना गर्दै गाउँपालिकाभित्र बन्ने घरहरुको अनिवार्य नक्सापास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्रका घरहरुको अभिलेख तयार गर्ने वार्षिक रुपमा घरधुरी कर निर्धारण गरी घरधुरी कर उठाउने व्यवस्थालाई सुदृढीकरण गर्दै लगिनेछ ।

३. कालिका गाउँपालिका केन्द्र वरिपरि निर्माण हुने संरचनाको सुधार गर्दै सो क्षेत्रमा सानो शहरको रुपमा विकास गर्न आवश्यक डिजाइन तयार गरि सुन्दर शहर निर्माण गर्ने नीति लिइनेछ । गाउँपालिकाको बाँकी वडाहरुको आफ्नै कार्यालय भवन बनाउन पहल गरिनेछ । आगामी आर्थिक वर्ष भित्रमा वडा नं ४ को वडा भवन निर्माण कार्य सम्पन्न गर्न विशेष जोड दिइनेछ ।

➢ **उर्जा, लघु तथा साना जलविद्युत् (वैकल्पिक उर्जा समेत) सम्बन्धी नीति**

१. गाउँपालिका भित्रको सबै वडामा नेपाल विद्युत प्राधिकरण मार्फत विस्तार भएको विद्युतीकरणमा आवश्यक मर्मत सम्भार तथा सुधारका लागि विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ ।

२. सबै बजार क्षेत्रहरुमा सडक वत्ती व्यवस्थापनका लागि सम्बन्धित निकायहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

३. नविकरणीय तथा बैकल्पिक उर्जा उत्पादन र प्रवर्द्धनमा जोड दिइनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र सौर्य बत्ति नभएको थप सार्वजनिक स्थानहरुमा आगामी आर्थिक वर्ष सङ्घ र प्रदेश सरकारको सहकार्यमा सौर्य बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

➢ **वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

१. संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन–वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गर्न प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ ।

२. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न विकासका सबै चरणहरुमा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजान सरोकारवालहरूको ध्यानाकर्षण गराइनेछ । रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्न सक्ने अवस्था रहेकोले सो सम्बन्धमा आवश्यक पहल गरिनेछ ।

३. भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्र तथा बस्तीमा प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न प्रकोप व्यवस्थापन कोषमा आवश्यक रकम व्यवस्थापन गरी प्रकोप व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिइनेछ।

४. विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षणलाई विशेष महत्व दिइनेछ ।

५. सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण गर्ने तथा उपयुक्त स्थानलाई हरियाली पार्कको रुपमा समेत विकास गरिने नीति लिइनेछ ।

६. बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनुको साथै ढल निकासको व्यवस्था गरिनेछ ।

७. महामारीको रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ।

८. एक वडा एक हेलिप्याड र एक वडा एक खुल्ला क्षेत्र निर्माण गर्न तथा व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

९. विपद् प्रतिकार्य, खोज तथा उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक जनशक्ती तयार गरी परिचालन गर्न सुरक्षा निकाय तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य र समन्वय गरिनेछ ।

१०. विपद् पश्चात राहत तथा उद्धारका लागि गरिने आर्थिक तथा वस्तुगत सहयोगमा एकद्वार कायम गर्न सङ्घ तथा प्रदेश सरकारसँग नबाझिने गरी मापदण्ड तथा कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

११. विपद् सम्बन्धी सम्पूर्ण सूचनाको अभिलेखीकरण गर्नुका साथै सूचना प्रवाह लागायत सङ्घीय विपद् व्यवस्थापन ऐन बमोजिमको सम्पूर्ण कार्य गर्न गराउनका लागि इलाका प्रहरी कार्यालय कालिकास्थान सँगको सहकार्यमा एक स्थानीय आपतकालिन कार्य सँचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ ।

१२. विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँगको समन्वय र सहकार्यमा जलवायु अनुकुलन सम्बन्धी स्थानीय अनुकुलन योजना निर्माण गरी कार्यान्वयमा ल्याउने नीति लिइनेछ ।

१३. जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्न विभिन्न निकायसँग सहकार्य गरिनेछ।

१४. ठूला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

१५. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ ।

१६. सङ्घीय सरकार तथा प्रदेश सरकारसँगको सहकार्य र सहयोगमा पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ ।

१७. भू-सूचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

१८. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई ब्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१९. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

२०. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

२१. प्रकोप/विपद् व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

- **संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धि नीति**

  - **सामान्य सेवा प्रवाह सम्बन्धी नीति**

१. सबै वडाहरुको वडा कार्यालय भवन निर्माण सम्पन्न गरी आफ्नै भवनबाट सेवा प्रवाह गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ जसका लागि आगामी आ.व. मा वडा नं. ४ को वडा भवन निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

२. गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरणमा निरन्तरता दिँदै सूचना प्रविधिको प्रयोग गरी क्रमश प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

३. सेवाप्रवाहमा हुन सक्ने दोहोरोपन, जटिलता तथा अनावश्यक प्रक्रियाका कारण सेवा प्रवाह ढिलो, खर्चिलो र अप्रभावकारी हुन सक्ने अवस्थालाई अन्त्य गर्न प्रक्रियाहरुको व्यापक समीक्षा गरी अनावश्यक तथा दोहोरिएका प्रक्रियाहरु हटाउन, निर्णय प्रक्रयामा रहेका बहु-स्वीकृति तहलाई बढीमा तीन तहमा सीमित गर्न तथा Business Process Re-engineering (BPR) मार्फत सम्पूर्ण सेवा प्रवाहलाई सरल, छिटो तथा परिणाममुखी बनाउनका लागि आवश्यक कार्यविधि, मापदण्ड तथा अनुगमन प्रणाली तयार/संशोधन गरी लागू गरिनेछ ।

४. सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रुपमा डिजिटल, एकद्वार र अन्तरआवद्ध प्रणालीमा रुपान्तरण गर्न आवश्यक पहल गरिनेछ ।

५. सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको डिजिटल नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्ने नीति लिइनेछ।

६. प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कार्यविवरणको आधारमा कार्यसम्पादन मूल्याङ्कन र प्रोत्साहन/पुरस्कार तथा दण्डको नीति लिइनेछ । साथै कार्यरत कर्मचारी मध्ये वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।

७. कार्यालय तथा शाखा/एकाइको कामको चाप र सेवा प्रवाहको अवस्था तथा गाउँपालिकाको आन्तरिक स्रोत समेतको आधारमा सङ्घीय सरकारले उपलब्ध गराएको मापदण्डको अधिनमा रही गाउँपालिकाको समग्र संगठन संरचना तथा दरबन्दी पुनरावलोकन गरी सम्बन्धित निकाय/मन्त्रालयबाट स्वीकृत गराएर प्रदेश किताबखानामा पद दर्ता गर्ने कार्यलाई सम्पन्न गरिनेछ ।

८. गाउँपालिकाको कार्य सम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी र मितव्ययी बनाउन कामको चाप तथा उपलब्ध बजेट स्रोतको आधारमा सङ्घीय सरकार तथा प्रदेश सरकारको सहयोगमा संचालित आयोजना/कार्यक्रमहरुको कर्मचारी दरबन्दी क्रमशः कटौती गर्दै लगिनेछ ।

९. नेपाल सरकारले राष्ट्रसेवक कर्मचारीहरुका लागि संवत् २०८३ साउन ०१ गतेदेखि लागु हुने गरी कायम गरे अनुरुपको तलब, प्रोत्साहन भत्ता र महङ्गी भत्ता यस पालिका अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीहरुलाई उपलब्ध गराइनेछ।

१०. उपलब्ध बजेट स्रोतका आधारमा लामो समयदेखि गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई निजको कार्यबोझ तथा कार्यसम्पादनको आधारमा सङ्घीय सरकारको श्रम ऐनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउँदै क्रमशः नेपाल सरकारले तोकेको तलव स्केल बराबरको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउँदै जाने नीति लिइएको छ ।

११. गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत रहि सम्बन्धित पदको न्यूनतम स्केलभन्दा कम तलब सुविधामा काम गर्दै आएका कर्मचारीहरुको तलब स्केल चालु आ.व.मा खाइपाई आएको तलब स्केलको १०% ले वृद्धि गरिनेछ ।

१२. सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूति दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह सरल, प्रविधिमैत्री र प्रभावकारी गराईने छ।

१३. गाउँपालिकाबाट संचालन गर्ने योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्न र सबै वडाहरुबाट सम्पादन गरिने कामलाई एकरुपता कायम गर्न कार्यक्रम कार्यान्वयन कार्यविधि वनाई लागू गर्नुका साथै चौमासिक रुपमा प्रगति समिक्षा, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण/सामाजिक परीक्षण जस्ता औजारहरुको प्रयोग गरेर जनताको जनमत बुझ्ने कार्यलाई निरन्तरता दिँदै अझै प्रभावकारी बनाउने नीति लिइनेछ।

१४. समय समयमा घुम्ती तथा घरदैलो सेवाको माध्यमबाट सार्वजनिक सेवालाई नागरिकको पहुँचमा पुऱ्याइनेछ।

### ❖ संचार तथा सूचना प्रविधि सम्बन्धी नीति

१. गाउँपालिकाले प्रदान गर्ने सेवालाई छिटो छरितो र प्रभावकारी बनाउन डिजिटल कालिका गाउँपालिका बनाउनेतर्फ कार्य सूरु भएकोले क्रमश पेपर लेस र लेस पेपर तथा अनलाईन प्रविधिको प्रयोग गरी नो फेस भन्ने अवधारणालाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

२. कर्मचारीहरुलाई प्रविधि मैत्री बनाउन तथा सूचना प्रविधिको सही उपयोगको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

३. गाउँपालिका र अन्तर्गतका कार्यालयहरु/ विद्यालयहरुमा समेत ई-हाजिरी प्रणाली जडान सम्पन्न भइसकेको हुनाले पूर्णरुपमा ई- हाजिरी प्रणालीको कार्यान्वयन गर्ने गरी आवश्यक अनुगमनको संयन्त्र निर्माण गरिनेछ ।

४. सामाजिक सुरक्षा भत्ता र व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन प्रणाली मार्फत संचालनमा आईसकेको सन्दर्भमा त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुका साथै क्रमशः अन्य सेवाहरुलाई समेत अनलाईन प्रणालीमा लैजाने नीति लिईनेछ।

५. गाउँपालिकाको सबै क्षेत्रमा मोबाइल तथा इन्टरनेट सेवाको गुणस्तर बढाउन सम्बन्धित निकायमा पहल गरिनुको साथै नेपाल टेलिकमको टेलिफोन लाइन विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

६. कालिका गाउँपालिकाको कार्यालय परिसर तथा वडा कार्यालय लगायत सार्वजनिक सेवा प्रवाह हुने स्थानहरु, अस्पताल, विद्यालयहरुमा सेवाग्राहीका लागि फ्रि वाइफाई सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ।

७. गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालय/सामुदायिक विद्यालयहरुमा इन्टरनेट पहुँच विस्तार भइसकेको हुँदा प्रविधिको प्रयोग गरी विद्युतीय माध्यमबाट सेवा प्रवाह हुने व्यवस्था मिलाईनेछ ।

८. राज्यको चौथो अंग पत्रकारिता मार्फत् अनुगमन, सार्वजनीकरण तथा पारदर्शिता कायम गर्ने नीति लिइनेछ ।

९. सूचना प्रविधिको प्रयोग गरी लेस पेपर तथा पेपर लेस सेवा प्रवाहमा जोड दिँदै गाउँपालिकाद्वारा प्रवाह हुने सेवाहरु क्रमशः सूचना प्रविधिमा आधारित बनाई नो फेस सेवा प्रवाहमा पुग्ने नीति लिईनेछ ।

१०. गाउँपालिका मार्फत प्रवाह भएका सम्पूर्ण क्रियाकलापहरुलाई पारदर्शी र सुशासनयुक्त बनाउन मासिक/त्रैमासिक/अर्धवार्षिक/ वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिकाको वेभ साईट/फेसबुक पेज र सूचनापाटी मार्फत सार्वजनिक गर्ने नीति लिईनेछ ।

११. सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको पूर्ण रुपमा कार्यान्वयन गर्ने गराउने नीति लिईएको छ ।

### ❖ पञ्जिकरण व्यवस्थापन सम्बन्धी नीति

१. सूचना प्रविधिको उपयोगबाट पञ्जिकरणको अनलाइन प्रविष्टीको व्यवस्थालाई अझै प्रभावकारी बनाउँदै लगिनेछ ।

२. वडाबाट हुने व्यक्तिगत घटना दर्ताको प्रतिवेदन समयमै गाउँपालिकामा आउने र गाउँपालिकाले पनि तोकिएको अवधिमै सम्बन्धित निकायमा पठाउने व्यवस्थालाई अझै प्रभावकारी बनाउँदै लगिनेछ ।

३. सामाजिक सुरक्षा भत्ता नविकरणका लागि आँखाको नानीबाट रिड गर्ने आइरिस मेसिन खरिदका लागि आवश्यक प्रवन्ध मिलाईने छ ।

### ❖ सुशासन प्रवर्द्धन सम्बन्धी नीति

१. सार्वजनिक खरिद प्रक्रियालाई थप प्रभावकारी बनाउन एकिकृत खरिद प्रणाली व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२. सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र जनउत्तरदायी बनाउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, रेडियो कार्यक्रम लगायत सुशासनका आयामहरुको भरपुर उपयोग गरिनेछ ।

३. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

४. सेवा प्रवाहको बारेमा सूचना दिनको लागि सूचना अधिकारी तोकिने र सेवाको सम्बन्धमा जानकारी उपलब्ध गराउन सोधपुक्ष कक्ष तथा सहायता कक्षको व्यवस्था गर्नुका साथै गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेस्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्र्यौट गर्ने कार्य अगाडि बढाईनेछ ।

६. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी र वेवसाइटमा प्रकाशित गरिनेछ ।

७. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई स्वयंसेवकको रुपमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सिप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखि प्रभावकारी व्यवस्थापन गरिनेछ ।

१०. गाउँपालिका र वडा कार्यालयबाट प्रवाह हुने योजना कार्यान्वयन, लेखा व्यवस्थापन, नक्सा पास, राजश्व संकलन, दर्ता चलानी, सिफारिस लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईनेछ ।

११. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुऱ्याउन "हाम्रो कालिका गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि नागरिक वडापत्रहरु, गाउँपालिकाको ऐन/नियमहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने नीति लिईनेछ ।

१२. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी सङ्घ र प्रदेश सरकारले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा गाउँपालिकाको आन्तरिक स्रोतको आधारमा खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्न प्रयास गर्ने नीति लिइनेछ।

१३. नगरिकको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन पालिका र वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान तथा सडक बत्ति व्यवस्थापनको कार्य क्रमश: गर्दै लगिनेछ ।

१४. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी दरबन्दी संरचना निर्धारण गरेर स्थायी पदपूर्ति गर्ने नीति लिइनेछ।

१५. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामाग्री भण्डारण र सडकको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन गरिनेछ।

१६. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१७. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१८. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१९. सङ्घीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरी साझेदारीमा कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ।

### ❖ राजस्व तथा आन्तरिक श्रोत परिचालन सम्बन्धी नीति

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत नदिजन्य पदार्थ बिक्रि तथा वितरण सम्बन्धी सङ्घीय सरकार र प्रदेश सरकारको ऐन तथा नियमावली र मापदण्ड कार्यान्वयन गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार सँग परामर्श, समन्वय र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा सङ्घीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गर्न आवश्यक पहल गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउँदै लगिनेछ।

९. अव्यवस्थित वसोवासीहरु तथा विर्ता जग्गा उपभोग गर्नेहरुको लगत तयार गरी तिनीहरुलाई करको दायराभित्र ल्याईनेछ ।

१०. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

### ➢ भूमी तथा भूमिहिन र सुकुम्वासी सम्बन्धी नीति

१. भू-उपयोग योजनालाई अन्तिम रुप प्रदान गरी जग्गा वर्गीकरणको कार्यलाई सम्पन्न गरेर कार्यान्वयनमा ल्याईनेछ ।

२. जग्गाको अभिलेख व्यवस्थापन सम्बन्धी प्रणाली विकासका लागि सम्बन्धित निकाय मालपोत र नापी कार्यालयहरुसँग आवश्यक समन्वय र सहकार्य गरी सबै जग्गाको सूचना प्रणाली विकास गरी विर्ता तथा गुठी जग्गाको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

३. भूमि बैंकको स्थापना गरी जग्गा भाडामा लिई व्यवसाय गर्न ईच्छुक स्थानीय तथा बाह्य व्यवसायीहरुको जानकारीको लागि सूचना प्रवाह गरिनेछ ।

४. उत्पादनमा आधारित कृषि तथा पशु अनुदान प्रदान गर्न आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५. बाँझो जग्गाको अभिलेख तयार गरी सामूहिक तथा सहकारी खेती प्रणालीका लागि बाँझो जग्गा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

६. भूमिको चक्लाबन्दी सम्बन्धी सङ्घीय सरकार र प्रदेश सरकारको नीतिलाई कार्यान्वयनमा ल्याईनेछ ।

७. गाउँपालिका भित्रको जग्गाको नापीका लागि सम्बन्धित निकायसँग सहकार्य र समन्वय गरी हालसाबिक गराउने प्रणाली गाउँपालिकामा कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ ।

८. यस गाउँपालिकामा वसोवास गर्ने सुकुम्बासीको पहिचान गरी सुकुम्बासी लक्षित कार्यक्रमहरु संचालन गरिनुका साथै द्वैध स्वामित्वमा रहेका जग्गाहरुलाई किसानको नाममा दर्ता गर्न पहल गरिनेछ र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न आवश्यक कार्यहरु संचालन गरिनेछ।

९. सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने नीति लिइनेछ ।

१०. भूमिहीन तथा सुकुम्वासी समस्या समाधानका लागि भूमि समस्या समाधान आयोगको सहकार्यमा भूमिहीन सुकुम्वासी उन्मुलन तथा अव्यवस्थित बसोबासी समस्या समाधानमा पहल गर्ने नीति लिईनेछ ।

११. नापी तथा मालपोत लगायत भूमि प्रशासन सम्बन्धी कार्य गाउँपालिकाबाट प्रवाह गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

## ➢ न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गर्दै जाने नितिलाई निरन्तरता दिइनेछ ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ।

## विविध

१. "मेरो गाउँ म बनाउँछु" भन्ने नीतिका आधारमा सबै वडाहरूले विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइनेछ ।

२. गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर–सरकारी संस्थाहरूको लगानीलाई एकद्वार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ । गैर सरकारी संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न विशेष संयन्त्र बनाउने नीति लिइनेछ ।

३. गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा गाउँपालिकाको गतिविधि समेटिने गरि मुखपत्र तथा बुलेटिन प्रकाशन गरिनेछ ।

४. गाउँपालिकालाई क्रमश विद्युतिय उपकरण मैत्री गाउँपालिका बनाउने नीति लिइनेछ ।

प्रमाणीकरण मितिः२०८३/०३/१० गाउँ सभाबाट स्वीकृत मितिः२०८३/०३/०४

**आज्ञाले**

धर्मराज न्यौपाने

प्रमुख प्रशासकीय अधिकृत